# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला काठमाडौं, टोखा नगरपालिका, वडा नं. १०, गोंगबु स्थित श्री मनोहर माध्यमिक विद्यालयमा तत्कालीन उच्च माध्यमिक विद्यालयको दरबन्दीमा शिक्षक नियुक्ति गर्दा प्रचलित कानून विपरित उमेरले समेत ४० वर्ष पुरा भैसकेकी अयोग्य कल्पना पनेरूलाई नियुक्ति गरेको, निजको नियुक्ति प्रकृया छानविन गर्दा कैफियत भेटिएको, स्थानीय तहले समेत ढाकछोप र सामसुम पार्न लागेको, राज्य कोषको रकम हिनामिना हुँदासम्म पनि निजलाई कुनै कारवाही नभएकोले कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी कल्पना पनेरुले मिति २०६०/०८/११ गतेदेखि प्राथमिक विद्यालय शिक्षक अस्थायी पदमा नियुक्ति लिई जिल्ला शिक्षा कार्यालय, काठमाडौंको मिति २०६९/०८/०१ को पत्रबमोजिम श्री रत्नराज्य माध्यमिक विद्यालय रामकोटबाट श्री मनोहर माध्यमिक विद्यालय, गोंगबुमा निजको काज सरुवा भएको देखिएको, अस्थायी शिक्षकलाई यसरी काज सरुवा गर्ने कार्य आफैमा नियमित अभ्यास नभई काज सरुवा हुने शिक्षक कल्पना पनेरु र काज सरुवाका लागि सहमति दिन भूमिका निर्वाह गर्ने श्री मनोहर माध्यमिक विद्यालयका तत्कालीन सहायक प्राचार्य बासुदेव अधिकारीको सम्लग्नता रहेको उल्लिखित तथ्यबाट देखिएको, जिल्ला शिक्षा समिति, काठमाडौंको मिति २०७२/०४/२७ को निर्णयानुसार उच्च माध्यामिक तहको अनुदान कोटा २(दुई) कायम गरी मनोहर माध्यामिक बिद्यालयलाई प्रदान गरिएकोमा सो पदमा नियुक्तिको लागि सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) बमोजिम २१ बर्ष देखि ४० बर्ष सम्म उमेर हुनुपर्ने भन्ने कानूनी व्यवस्था देखिन्छ। निज प्रतिवादी कल्पना पनेरुको जन्ममिति बि.स.२०३२/०८/०७ गते भएको निजको नामको ग्रमिण आदर्श बहुमुखी क्याम्पस, काठमाडौंबाट प्राप्त Character Certificate र मिसिल संलग्न निजको नागरिकता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएकोमा निजको उमेर उक्त बिज्ञापन प्रकाशित मिति २०७२।१०।१४ गते सम्ममा ४० (चालिस) बर्ष २(दुई) महिना (७) सात दिन भएको देखिएको, निज प्रतिवादी कल्पना पनेरुले प्रकाशित विज्ञापन बमोजिमको प्रस्तुत उच्च माध्यामिक तहको शिक्षक पदको लागि नियुक्ति भई कार्य गर्न अयोग्य रहेको थाहा जानकारी हुँदा हुँदै उक्त नियुक्ति दिने लिने कार्य गरेको तथ्य पुष्टि भएको देखिएबाट, प्रतिवादी कल्पना पनेरुलाई उक्त उच्च माध्यामिक तहको अनुदान कोटामा नियुक्ति गर्नको लागि नै प्रतिवादीहरु बासुदेव अधिकारीसमेतको आपसी मिलेमतो तथा योजनामा श्री मनोहर माध्यमिक विद्यालयको बिद्यालय ब्यबस्थापन समितिको मिति २०७१/०५/२३ को बिद्यालय ब्यबस्थापन समितिको बैठकको निर्णयमा तत्कालीन बिद्यालयका प्राचार्य प्रतिवादी बासुदेव अधिकारी आफैले बदनियत राखी बैठकमा उपस्थित अन्य पदाधिकारीहरुको सहमति र जानकारी बिना **"कल्पना पनेरुलाई मिति २०७१/०४/२८ गते देखि +२ को अनुदान दरबन्दीमा नियुक्ति दिने निर्णय गरीयो"** भन्ने व्यहोरा उक्त निर्णयको अन्तिममा थप गरे गराएको, उक्त निर्णयमा पछिबाट सुटुक्क थप गर्दा टिपेक्स लगाएर निर्णयमा सच्याई, केरमेट गरी, थपघट केरमेट हेरफेर गरेको सक्कल निर्णय पुस्तिकाबाट देखिएको, साथै प्रतिवादीहरुले बदनियत राखी सरकारी अभिलेखमा रहने

कागजात केरमेट थप गरी गराई तयार भएको सोही निर्णयलाई आधार लिई प्रतिवादी कल्पना पनेरुलाई पूर्णकालीन शिक्षक पदमा नियुक्ति गरेको तथ्य निज प्रतिवादी कल्पना पनेरुलाई दिइएका नियुक्ति पत्रहरुको समग्र लेटरहेड, बिद्यालयको ठेगाना, लेटरप्याडको प्रकृति लगायतका विवरणमा फरक फरक रहेको पाइएको, प्रस्तुत नियुक्ति गरेका पत्रहरुको सम्बन्धमा चलानी गर्दासमेत सक्कल चलानी किताबमा केरमेट गरेको, सच्याएको देखिन आएबाट यसरी सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) बमोजिमको प्रतिवादी कल्पना पनेरुको उमेर ४० वर्षको हद कटिसकेको हुँदा निजलाई उक्त शिक्षिका पदमा नियुक्ति दिन नमिल्ने भएकोले निज प्रतिवादीहरु बासुदेव अधिकारी र कल्पना पनेरुसमेतले आपसी मिलेमतो तथा योजनामा निज प्रतिवादी कल्पना पनेरुलाई नै उक्त उच्च माध्यमिक शिक्षक पदमा नियुक्ति दिनको लागि सोही सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) मा व्यवस्था भएको वहाल रहेको शिक्षिकाको हकमा उमेर हद नलाग्ने भन्ने व्यवस्था बमोजिमको मिति २०७१।०४।२८ र मिति २०७१।०५।२३ लगायतको गलत लिखत तयार तथा सरकारी अभिलेखमा रहने लिखत केरमेट तथा सच्चाई सोही विवरण सहितको योग्यताको कागजातहरु पेश गरी गराई निज प्रतिवादी कल्पना पनेरुले उक्त उच्च माध्यमिक तह शिक्षक पदमा नियुक्ति प्रात गरी हालसम्म कार्यरत रहेको देखिंदा प्रतिवादीहरु बासुदेव अधिकारी र कल्पना पनेरुसमेतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुर भएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरुलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजायको मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | श्री मनोहर माध्यमिक बिद्यालय, काठमाडौंका तत्कालीन प्रधानाध्यापक प्राचार्य **बासुदेब अधिकारी** र शिक्षिका **कल्पना पनेरु** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी